जहाँ छ मेरो जन्मभूमि,त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए,हुर्किएँ यस्तो पावन पवित्र पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥– कवि पर्वेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

वर्ष ९ • अंक ३३९ • २०७९ असोज १२ गते बुधबार • 28 Sept. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-

## मेयर र उपमेयरको विवादले मिथिला नगरपालिकाको कार्यपालिका बैठक रोकियो

जलेश्वरटुडे समाचारदाता
धनुषा, ११ असोज



धनुषाको मिथिला नगर पालिकामा मेयर र उपमेयरको विवादका कारण कार्यपालिका बैठक रोकिएको छ । करारका कर्मचारी हटाएको विवादले बैठक नबस्दा चालु आर्थिक वर्षमा पालिकाले अघि बढाउन खोजेका योजना पनि थन्किएका छन । पालिकामा २ सय २० जना कर्मचारी करारमा कार्यरत थिएरु। तीमध्ये ९ जनाको करार अवधि नथपिएपछि विवाद सुरु भएको हो । अवधि नथपिएकामा इन्जिनियर देखि कार्यालय सहायक पदसम्मका कर्मचारी छन । उपप्रमुख सुनिता सिंह बुढाथोकीले उनीहरूको करार अवधि थप्नुपर्ने अडान राख्दै बैठक रोकेकी हुन। राजनीतिक आस्थाकै आधारमा उनीहरूलाई निकालिएको बुढाथोकीको भनाइ छरु। तर, नगर प्रमुख महेन्द्र महतोले काम गरि दिएबापत सेवाग्राहीसँग अतिरिक्त पैसा लिने गरेको जनगुनासोको आधारमा ती कर्मचारीको करार अवधि नथपिएको दाबी गरेरु। प्रमुख महतो कांग्रेस र उपप्रमुख बुढाथोकी एमालेबाट निर्वाचित भएका हुन्रु। पालिकामा बहुमत एमालेकै रहेको छ ।




औरही नगरपालिका परिवार,महोत्तरी

## डेंगीबाट बच्ने उपायहरुको अबलम्बन गरौं

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्यौंरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

स्वास्थ्य कार्यालय,जलेश्वर,महोत्तरी

## दशैंमा जलेश्वर लगायत छेउछाउका शक्तिपिठहरु बेहुली झै सजाइयो

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ११ असोज



महोत्तरीको जलेश्वर लगायत छेउछाउका शक्तिपिठहरु बेहुली झै सजाइएको छ । राजदेवी मन्दिर सहित जलेश्वरका अन्य शक्तिपिठहरु दुल्ही झैं सिँगारिएको छ। दसैंमा श्रद्धालुको केन्द्र बिन्दुको रुपमा रहेको राजदेवी मन्दिरसहित संसारीमाई लगायतका शक्तिपिठहरुलाई सजाइएको हो । दसैंको पहिलो दिनदेखि सबै मन्दिर हरुमा पूजापाठ गर्नका लागि श्रद्धालु भक्तजनको भिड लागेको हो । त्यसैगरी मटिहानी,पिपरा, महोत्तरी,लोहारपट्टीएकडारा, मनरासिसवा,सोनमा, सम्सी,रामगोपालपुर, औरही,भंगहा,गौशाला,बर्दिबास पालिकाहरुका स्थानिय तथा बाहिरी श्रद्धालुहरुको घुईचो देखिन्छ । शक्तिपिठहरु खचाखच भरिएका देखिन्छन् ।

## बुधबारदेखि निर्वाचन आचारसंहिता पूर्ण रुपमा लागु गरिदै,के के गर्न पाइदैन ?

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ११ असोज



निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनका लागि बुधबारदेखि आचारसंहिता लागू गर्ने भएको छ । १३ भदौ २०७९ मा आयोगले जारी गरेको निर्वाचन आचार संहितामा संघीय सरकारका मन्त्री, प्रदेश सरकारका मन्त्री र स्थानीय तहका कार्यपालिका सदस्यलाई चुनाव प्रचारप्रसारमा बन्देज गरिएको छ। आचारसंहिता अनुसार , प्रधानमन्त्री र मन्त्री, प्रदेशका मुख्यमन्त्रीदेखि स्थानीय तहको कार्यपालिकाका पदाधिकारीले कुनै दलको पक्ष विपक्षमा प्रचारप्रसार गर्न पाउने छैनन्। आफू उम्मेदवार भएको ठाउँमा भने प्रचार गर्न जान पाउँछन् । तर सरकारी स्रोतसाधन प्रयोग गर्न पाउने छैनन् । यो व्यवस्था अनुसार अहिले पदमा रहेका व्यक्तिहरु आफू उम्मेद्वार भएको अवस्था बाहेक अन्यत्र प्रचार प्रसार गर्न जान नपाउने भएका छन् । संवैधानिक पदाधिकारीहरु कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा लाग्न र प्रचारप्रसारमा संलग्न हुन नपाउने व्यवस्था छ । उनीहरुले आफ्नो कार्यालय र आवास कुनैपनि उम्मेदवारहरुलाई प्रयोग गर्न दिन पाउने छैनन् । आचारसंहिताले सरकारी कर्मचारीलाई कुनै दलको पक्ष वा विपक्षमा लाग्न निषेध गरेको छ । कार्यशाला गोष्ठी, सभा सम्मेलन लगायतका कार्यक्रम गर्न नपाउने व्यवस्था छ। सार्वजनिक संस्थान र त्यहाँ काम गर्ने कर्मचारीहरुलाई समेत यही नियम लागू हुनेछ । कुनै परियोजना वा विकास समितिमा आवद्ध कर्मचारीले पनि दल र उम्मेदवारको पक्ष वा विपक्षमा लाग्न नपाउने आचार संहितामा व्यवस्था छ। निर्वाचनमा खटिने कर्मचारीले कुनै उम्मेदवार को पक्षविपक्ष लिन नहुने नियम बनाइएको छ । सुरक्षा निकाय र सुरक्षासम्वद्ध कर्मचारीलाई पनि कुनै दल वा उम्मेद्वारको पक्षविपक्षमा लाग्न रोक लगाइएको छ । विश्वविद्यालयदेखि विद्यालयसम्म काम गर्ने अध्यापकले तटस्थता अपनाउनुपर्नेछ। उनीहरुले कुनैपनि दल वा उम्मेदवारको प्रचारप्रसार का लागि सामाजिक सञ्जाल प्रयोग गर्न पाउने छैनन् । गैरसरकारी संस्थाहरुले कुनै नयाँ योजना सुरुवात गर्न, शिलान्यास गर्न र उद्घाटन लगायतका काम गर्न पाउने छैनन् । यस्ता संस्थाका स्रोतसाधन राजनीतिक प्रचारप्रचार का क्रममा प्रयोग गर्न रोक लगाइएको छ ।




जनकपुरधाम उपमहानगरपालिका परिवार,धनुषा

जलेश्वर टुडे
Jaleshwor Today Daily
www.jaleshwortoday.com


जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

### बलिप्रथाको बिकल्प खोजौं

बलिप्रथा परम्परागत रुपमा चलिआएको एक कुप्रथा नै हो । बलिप्रथाका कारण निर्दोष जनावरहरुका हत्या गर्ने गरिन्छ। यस प्रथाका कारण समाजमा हिंसामा बृद्धि हुने संभावना बढेको देखिन्छ। अहिले विश्व नै शाकाहारी तर्फ आकर्षित भएको र शाकाहार नै स्वस्थ आहार भएको कारण बलिप्रथालाई रोक्न आवश्यक छ । बलिप्रथाका कारण हाम्रो जनजिवन समेत खर्चिलो तथा तामसी भएको कारण यसको विकल्पको खोजि गरी प्रतिस्थापन बस्तुको प्रयोग गर्न अहिलेको आवश्यकता रहेको देखिन्छ । सबै प्राणी माथि हाम्रो दया तथा कृपा हुन आवश्यक छ। दशैंको समयमा देशैभरी माता दुर्गालाई समेत अष्टमीको दिन विभिन्न भाकल अनुसार जनावरको बलि चढाउने पुरानो परम्परा रहेको छ। केहि घण्टामै हामी लाखौं जनावर को बलि चढाउँछौं। के माताले जनावरको बलि चढाए पछि मात्रै खुशी हुने वा नहुने कहि कुनै ग्रन्थमा लेखेकी छिन् ? पक्कै पनि होइन । त्यसकारण बलिप्रथाको विकल्पको रुपमा मिष्ठान वा अन्य कोसेली चढाऔं ।




सम्सी गाउंपालिका परिवार,महोत्तरी



सोनमा गाउंपालिका परिवार,महोत्तरी


### तपाईको टुडे

मेष: शुभ सामाचार शुन्ने
वृष: कर्म अनुसार फल प्राप्त हुन
मिथून: मिष्ठान भोजन हुने
कर्कट: साथीबाट सहयोग भेट्ने
सिंह: सम्मान पाइने
कन्या: नयां साथी बन्ने
तुला: आम्दानी हुने
वृश्चिक: काम बन्ने
धनु: मनमा शान्ति हुने
मकर: भोज खाने योग
कूम्भ: पढाईमा प्रगति
मीन: सहयोग प्राप्त हुने

### मधेस प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज,जनकपुरधाम–४,धनुषा

### आवश्यक टेलिफोन नम्बरहरु

#### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| घरआँगन नेपाल जलेश्वर एम्बुलेन्स – | ९८४४३२७१००/९८१०३७८७६५ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

#### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अन्जनको ह्याट्रिकमा बंगलादेशमाथि सहज जित

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ११ असोज



अन्जन विष्टले ह्याट्रिकको मदतमा नेपालले अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा बंगलादेशमाथि सहज जित हात पारेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मंगलबार भएको खेलमा नेपालले बंगलादेशलाई ३-१ गोल अन्तरले हराएको हो । नेपालका लागि सबै गोल अन्जनले गरे ।

नेपालले १८औं मिनेटमा अन्जनले गोलबाट अग्रता लिएको थियो । विमल घर्ती मगरले राइड साइडबाट प्रहार गरेको फ्रिकिकमाउ उनले हेडर गोल गरेका हुन् । २७औं मिनेटमाअन्जनले नै नेपालको अग्रता दोब्बर बनाए । विशाल राईले राइड साइडबाट गरेको क्रसमा विमलले पेनाल्टी क्षेत्रमा तेज तामाङलाई बल मिलाइदिए । सोही बलमा तेजको प्रहार बंगलादेशी गोलकिपर अनुसुर रहमानले पञ्च गरेका थिए, तर रिबाउन्ड आएको बललाई अन्जनले १८ यार्ड बक्सभित्रबाट सहजै जालीको दिशा दिए ।

खेलको ३८औं मिनेटमा अन्जनले ह्याट्रिक गर्दै नेपाललाई ३-० को अवस्थामा पुऱ्याए ।

# खाद्यले तोक्यो खसीबोकाको बिक्री मूल्य

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ११ असोज



खाद्य व्यवस्था तथा व्यापार कम्पनीले दसैंका लागि खसीबोका र च्याङग्राको मूल्य तोकेको छ । बुधबारदेखि बिक्री गर्नेगरी खाद्यले व्यापारीको भन्दा प्रतिकिलो ५० रुपैयाँसम्म सस्तो मूल्य तोकेको हो । खसीको बिक्री मूल्य प्रतिकिलो ६ सय ८० रुपैयाँ तोकिएको कम्पनीका बिक्री वितरण विभाग प्रमुख भीम थापाले बताए । उक्त मूल्यमा १० रुपैयाँ छुट दिइनेछ । च्याङग्रो मूल्य १२ सय ६० रुपैयाँ तोकिएको छ । प्रतिकिलो १० रुपैयाँ छुटसहित उपभोक्ताले १२ सय ५० रुपैयाँमा किन्न पाउनेछन् । छुट दिँदा खसीबोका प्रतिकिलो ६ सय ७० र च्याङ्ग्रा १२ सय ५० रुपैयाँ पर्ने बताइएको छ । खाद्यले बिक्री गर्ने मूल्य व्यापारीको भन्दा किलोकै ५० रुपैयाँ सस्तो हो । चौपाया खरिद बिक्री सेवा संघले मंगलबार लोकल खसीबोकाको मूल्य प्रतिकिलो ६ सय ८० देखि ७ सय १० रुपैयाँ तोकेको थियो । च्याङग्रा प्रतिकिलो १३ सय रुपैयाँ तोकेको थियो ।-न्युज कारखाना

# अभिनेत्री आशालाई 'दादा साहेब फाल्के अवार्ड'

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ११ असोज



दिग्गज अभिनेत्री आशा पारेखलाई 'दादा साहेब फाल्के अवार्ड' प्रदान गरिने भएको छ । फिल्म क्षेत्रको योगदानको कदर गर्दै उनलाई यो वर्षको अवार्ड दिन लागिएको हो । अवार्ड भारतीय फिल्म उद्योगको सर्वोच्च मानिन्छ । एएनआईले ट्वीटमार्फत अवार्डको जानकारी दिएको हो । उनलाई यो सम्मान ६८औं नेशनल फिल्म अवार्डको अवसरमा प्रदान गरिनेछ । पछिल्लो समय यो अवार्ड २०१९ मा साउथ सुपर स्टार रजनीकांतले पाएका थिए । २२ वर्षपछि यो अवार्ड महिलालाई दिइएको हो । यस अगाडि २००० मा यो अवार्ड गायिका आशा भोसलेले प्राप्त गरेकी थिइन् ।

# नेताको निगाह.......................................

ाइरहेको छ भने यसको औचित्यमाथि पनि प्रश्न चिन्ह उठ्न थालेको छ । यसको गलत प्रयोगले समाजलाई झनै दलाली,सौदावाजी र स्वार्थगत दलदलमा फसाइरहेको छ,जुन दुःखको कुरा हो ।

**निष्कर्ष**

मूलतः सिद्धान्त,विचार ,दृष्टिकोण,निष्ठा,विधि,मूल्य र इमान्दारितापूर्वक परिवर्तन,न्याय र समानताको पक्षमा राजनीति गर्ने हो भने निर्वाचन प्रणालीलाई अपव्याख्या र भ्रष्टीकरण नगरौं । त्यसै पनि पछिल्लो निर्वाचन प्रक्रिया असाध्यै विकृत,विसंगतिपूर्ण,आडम्बरी र खर्चालु बन्दै गइरहेको वस्तुगत परिवेशमा झनै निर्वाचन प्रणालीलाई नै भ्रष्टीकरण गरेर अपवित्र बनाउने हो भने सिद्धान्त,इमान जमानको राजनीतिक विरासत जोगिँदैन । निर्वाचन प्रक्रियामा नीतिगत,विधिगत र राजनैतिक मुल्य कमजोर हुनु भनेको समाजलाई औसत प्राविधिक गोल चक्करमा फसाउनु बराबर हो । सैद्धान्तिक धरातलीय सार्थकता खस्किँदै जानु हो । अग्रगमन र परिवर्तनलाई नष्ट गर्नु हो भने यथास्थितिलाई मलजल गर्नु हो । त्यसैले सैद्धान्तिक मूल्यद्वारा निर्देशित समानुपातिक निर्वाचन प्रणालीको व्यवहारिक कार्यान्वयन गरौं । समाजमा प्रत्यक्ष निर्वाचनमा प्रतिष्पर्धा गर्न नसक्ने वर्ग,जाति,क्षेत्र,लिङ्ग,अल्पसंख्यक,सीमान्तीकृत र विभेदकारी जनसमुदायहरुलाई समानुपातिक प्रतिनिधित्वमार्फत् शासनमा समान सहभागिता सुनिश्चित गरौं । नेता व्यवस्थापन,आर्थिक व्यवस्थापन,आफन्त व्यवस्थापन अनि स्वार्थहरु व्यवस्थापनमा यसलाई सीमित नगरौं । समानुपातिक पदावलीको राजनैतिक परिभाषा,आवश्यक्ता,उचाई,ओज र गरिमालाई अपव्याख्या र भ्रष्टीकरण नगरौं । पहुँच,पावर र प्रभाव भएकाहरुलाई होइन,नभएकाहरुलाई समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित गरौं । नेता भइसकेकाहरुलाई होइन,यस प्रणालीबाट निर्वाचित गरेर नयाँ नेता र नेतृत्व स्थापित गरौं । तव मात्र यो सार्थक र औचित्यपूर्ण हुनुको साथै उन्नत प्रणाली हुनेछ ।

अन्यथा यो सामन्ती ठाडो हुकुम परमाङ्गीमा गरिने नियुक्ति भन्दा भिन्न हुनेछैन । सबैलाई चेतना होस् । साभार : रातोपाटी



महोत्तरी गाउंपालिका परिवार,महोत्तरी



जलेश्वर नगरपालिका परिवार,महोत्तरी



मटिहानी नगरपालिका परिवार,महोत्तरी

कामनी व्यूटी पार्लर



यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर ,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# नेताको निगाह,मर्जीको वस्तु मात्र हो त समानुपातिक ?

**–राजेन्द्र किराती**

भनिन्छ,निर्वाचन लोकतान्त्रिक शासन व्यवस्थाको आधारस्तम्भ हो । यसैको माध्यमबाट आज संसारैभर शासनसत्ता र सरकार हरु 'फर्मेशन' भइरहेको देखिन्छ। तानाशाही र एकतन्त्रीय शासन प्रणालीको उन्नत अर्थ राजनीतिक विकल्प नै लोकतन्त्र हो। यसमा सम्पूर्ण जनतामा चुन्ने र चुनिने जस्ता मौलिक अधिकारहरू अन्तर निहीत हुन्छ । नीतिशास्त्रीय दृष्टिकोणबाट नियाल्दा तमाम् जनताले यस्ता सवै अधिकार उपभोग गर्न पाउनु नै समाजको उन्नत पक्ष हो। तर अधिकारहरु व्यवहारतः कतिको सहज र स्वभाविक रुपमा अभ्यास भइरहेको छ भन्ने सवालले समाजको उन्नत र पछौटेपनाको सार निर्धारण गर्दछ । अर्थात् कार्यान्वयन प्रक्रियामा हामी कुन स्तरमा छौं भन्ने कुराले सवै कुरा निर्धारण गर्दछ। साधारणतया संसारमा तीन किसिमको निर्वाचन प्रणालीहरू अभ्यासमा रहेको पाइन्छ। यसमा बहुमतीय,समानुपातिक र मिश्रित निर्वाचन पद्धति पर्दछ। नेपालमा हामी मिश्रित निर्वाचन पद्धति अपनाइरहेका छौं । यहाँ साठी प्रतिशत बहुमतीय र चालीस प्रतिशत समानुपातिक प्रणालीमार्फत विधायकहरू छान्ने गरिन्छ । सवैखाले श्रोत-साधन,शक्ति,पहुँच,प्रभाव,पैसा र जनसंख्या भएका उम्मेदवारहरुको लागि बहुमतीय प्रणाली अनुकुल भएपनि नहुनेहरुको लागि भने समानुपातिक पद्धति वस्तुवादी हुन्छ । यसकारण हामीले पनि यस्तै श्रोत-साधन,पहुँच र प्रभाव नहुनेहरुको लागि भन्दै समानुपातिक निर्वाचन प्रणाली अपनाइरहेका छौं । वस्तुतः समानुपातिक निर्वाचन पद्धति लागु भएसँगै कैयौं पहुँचविहीन वर्ग तथा समुदायहरुले समेत शासकीय पहुँच कायम गर्न सफल भएका छन्। यो हर्ष र गर्वको विषय हो । यद्यपि व्यवहारिक कार्यान्वयनको चरणमा यसले आफ्नो शास्त्रीय मूल्यमान्यताहरु भुल्दै गएको देखिन्छ । यसलाई प्रायः सवै पार्टीहरुले आफ्नो अनुकुलता र प्रतिकूलता अनुरुप व्याख्या र विश्लेषण गर्न थालेको स्पष्टै छ। यो समानुपातिक प्रतिनिधित्वको आधारभूत उद्देश्य,मर्म र भावनाबाट अलि विमुख हुँदै गइरहेको देखिन्छ । अरु पार्टीको राजनैतिक शब्दकोशमा समानुपातिक पदावली थिएन,जसको कारण धेरै अपेक्षा गर्नु नै महागल्ती हुन्छ। तर निर्वाचन प्रणालीको सूत्रधार पार्टी माओवादी केन्द्रले पनि यसलाई साँच्चैको समानुपातिक वनाउन सकिरहेको छैन । यसलाई यो वा त्यो वहाना,आवश्यक्ता र वाध्यतामा अपव्याख्या र भ्रष्टीकरण गर्ने क्रम बढ्दो छ,जुन सही होइन ।

**नेता व्यवस्थापन**

सवै वर्ग,जाति,क्षेत्र,लिङ्ग,अल्पसंख्यक र सीमान्तीकृत समुदायहरुको समान अनुपातमा प्रतिनिधित्व गराउने प्रणाली नै समानुपातिक पद्धति हो । यसमा प्रत्यक्ष चुनाव जित्ने वस्तुगत पहुँच,प्रभाव र संख्या नहुने सीमान्तीकृत वर्ग तथा समुदायहरुलाई प्राथमिकताको आधारमा शासनसत्तामा पुऱ्याउने गरिन्छ । तर पछिल्लो समय यो स्थापित नेताहरु व्यवस्थापन गर्ने छोटोमीठो माध्यम बनिरहेको छ । अर्थात् यो एउटा हाइट र हैसियत बनाएका नेताहरुलाई जसरी पनि सांसद बनाउने पकेट प्रक्रिया बन्दै गइरहेको छ । ठूला नेताहरुलाई जित सुनिश्चित सहितको बन्दसूचीको क्रम संख्याभित्र अटाइन्छ। अरु औसतलाई केवल निर्वाचन आयोगको औपचारिक प्रक्रिया अन्तरगत उम्मेदवारका लागि उम्मेदवार मात्र बनाइन्छ। यो समानुपातिक निर्वाचन प्रणालीको सारभूत मर्म र भावना माथिको घात हो । यसलाई निरपेक्ष नेता व्यवस्थापन गर्ने अस्त्र मात्र बनाउनु हुँदैन । अर्थात् उनीहरुको नियमित जागीर बन्दोबस्तीको रुपमा समानुपातिक पद्धतिलाई सीमित गर्नु हुँदैन। यसो गर्नु भनेको समानुपातिक सिद्धान्तको चरम् अपव्याख्या मात्र हुँदैन,सवैको समान पहुँच सुनिश्चित भएको न्यायपूर्ण समाज पनि बन्दैन ।

**आर्थिक व्यवस्थापन**

वास्तवमा समानुपातिक प्रणाली भनेको समाजको सवैभन्दा गरीब,निमुखा,अल्पसंख्यक र सीमान्तीकृत समुदायहरुको सहभागिता सुनिश्चित गर्ने राजनैतिक प्रक्रिया हो। सिद्धान्ततः यसमा सवै सहमत पनि छन् । तर यसको व्यवहारिक कार्यान्वयको पाटोलाई नजिकबाट नियाल्ने हो भने यसलाई धेरै भ्रष्टिकरण गरिएको छ। यहाँसम्म कि यसलाई आर्थिक श्रोत पहिचान वा व्यवस्थापनको प्रमुख माध्यम बनाउने क्रम मौलाइरहेको छ । पार्टीको बन्दसूचीमा लामो समय आन्दोलनमा सक्रिय भएका नेता कार्यकर्ताहरु भन्दा पनि अरु व्यवसायिक र व्यापारिक घरानाको व्यक्ति व्यक्तित्वहरुको प्रभावशाली उपस्थिति देखिँदैछ,जुन नितान्त गलत हुन्छ। यता पार्टी आन्दोलनबाटै उम्मेदवार बनेकाहरुबाट समेत रकम कोटा तोक्ने परिपाटी बढिरहेको छ । समानुपातिक प्रणालीलाई नेताको निगाह,मर्जी र बकस प्राप्त गोजीको वस्तु जस्तो बनाइँदैछ। सांसदलाई किनबेच वा लेनदेनमा उपलव्ध हुने मालको रुपमा ग्रहण गरिएको छ। यसरी एकपछि अर्को गर्दै समानुपातिक प्रणालीको अपव्याख्या गरिदैछ,जसले राजनैतिक विरासत,ओज र गरिमा शून्यबाट अझ तल झर्ने खतरा देखिन्छ ।

**आफन्त व्यवस्थापन**

वस्तुतः समानुपातिक प्रणाली भनेको हाम्रो समाजमा सवैभन्दा उत्पीडित,अपहेलित,सीमान्तकृत र विभेदीकरणमा परेका वर्ग र समुदायहरुको समान उपस्थिति कायम गर्ने पद्धति हो । प्रत्यक्ष चुनावी प्रतिष्पर्धामा आउन नसक्ने कम्जोरहरुको लागि हो । शासनसत्तामा सवै वर्ग समुदायहरुको समान सहभागिता गराउनु यसको मूलभूत उद्देश्य हो। तर पछिल्लो समय यसलाई श्रीमान-श्रीमती,भाइ-भतिजा,भान्जा-भान्जी,साला-साली,ज्वाई-जेठानजन्य नातागोतामा सीमित गर्ने क्रम बढिरहेको छ । अर्थात् आफन्तजन्य पैरवी र भनसुन व्यापक हुन थालेको छ। कुनै न कुनै पार्टी वा नेताले कुनै न कुनै आफन्तलाई च्याप्दा मात्रै समानुपातिकमा जित सुनिश्चित हुने गलत संस्कार बढेको छ । यो आफ्नो नातागोताहरुलाई व्यवस्थापन गर्ने राम्रो चौतारी बनेको छ। यसले समानुपातिक प्रणालीलाई भ्रष्टीकरण मात्र गरेको छैन,यसको न्यायिक,प्रगतिशील र उन्नत चरित्रको धज्जी उडाउने काम पनि जिम्मेवार व्यक्ति र संस्थाहरुबाटै भइरहेको छ ।



**स्वार्थ व्यवस्थापन**

समानुपातिक निर्वाचन प्रणालीको मूलभूत स्वार्थ भनेको उत्पीडित वर्ग,जाति,क्षेत्र,लिङ्ग,अल्पसंख्यक र सीमान्तकृत समुदायलाई शासनसत्तामा समान सहभागिता गराउनु हो । अर्थात् सवै समुदायहरुको सम्मानजनक उपस्थिति सुनिश्चित गर्नु हो। तर नेपाली राष्ट्रिय राजनीतिमा यसको गलत व्याख्या गर्न थालिएको छ। यसलाई नीतिगत स्वार्थबाट अलग गर्दै केवल कैयौं आत्मकेन्द्रित निहित स्वार्थहरुमा कैद गरिदैछ। उदाहरणको लागि यसलाई नेतागत स्वार्थ,आर्थिक स्वार्थ,नातागोतागत स्वार्थ,जागिरे स्वार्थ,चाकरी र चाप्लुसीगत स्वार्थ,सुविधागत स्वार्थ,गुटगत स्वार्थ,असन्तुष्टिगत स्वार्थ अनि नियमित निहित व्यवस्थापकीय स्वार्थहरुमा सीमित गरिएको छ। यसकारण सिद्धान्ततः समानुपातिक निर्वाचन प्रणाली सही भए पनि व्यवहारतः यो केवल विभिन्न स्वार्थहरु सिद्ध गर्ने अस्त्र मात्र बनिरहेको छ,जसले सिंगो निर्वाचन पद्धतिलाई वदनाम गर

*बाँकी पृष्ठ ३ मा*










प्रकाशक /सम्पादक : पवन कुमार साह, मुद्रक : जय दुर्गा अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक),विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday